नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग
स्वयम्भू, हलचोक, काठमाडौं

# नेपाल सरकापर
# गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल, नेपाल

**सशस्त्र प्रहरी जवान (साधारण समूह, साधारण उपसमूह)** पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम र परीक्षा योजना (Examination Scheme) देहाय बमोजिम ६ (छ) चरणमा विभाजन गरीएको छ ।

| क.सं. | चरण | विषय | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रथम | प्रारम्भिक शारीरिक परीक्षण | - | पहिलो (शुरु) चरणको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र त्यसपछिको चरणको परीक्षामा सहभागी गराईने छ । |
| २. | द्वितीय | शारीरिक सहिष्णुता परीक्षा | - | |
| ३. | तृतीय | विस्तृत स्वास्थ्य परीक्षण | - | |
| ४. | चतुर्थ | लिखित परीक्षा | १०० | |
| ५. | पाँचौ | विशेष स्वास्थ्य परीक्षण | - | |
| ६. | छैटौ | अन्तर्वार्ता परीक्षा | २० | |

**प्रत्येक चरणको बिस्तृत विवरण निम्न बमोजीम रहेको छ ।**

**१. प्रथम चरण :– प्रारम्भिक शारीरिक परीक्षण**

| विवरण | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुत्तीर्ण | उत्तीर्ण | अनुत्तीर्ण |
| उचाई | कम्तिमा ६२ ईन्च | ६२ ईन्च भन्दाकम | कम्तिमा ६० ईन्च | ६० ईन्च भन्दा कम |
| तौल | कम्तिमा ५० के.जी. | ५० के.जी.भन्दा कम | कम्तिमा ४२ के.जी. | ४२ के.जी.भन्दा कम |
| छाती | नफुलाउदा कम्तिमा ३१ ईन्च, फुलाउदा कम्तिमा ३३ ईन्च । कम्तिमा २ ईन्च फुलाउनु पर्ने । | नफुलाउदा कम्तिमा ३१ ईन्च भन्दा कमभएको । कम्तिमा २ ईन्च फुलाउन नसक्ने । | नपर्ने | नपर्ने |
| साधारण बियरिङ्ग | साधारण बियरिङ्गमा अनुत्तीर्ण हुने कारणहरु<br>अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको, घुंडा Knee Lock भएको ( Knock Knee : दुबै खुट्टा जोडेर उभिँदा गोलीगाँठो बीच १० से.मी. भन्दा धेरै ग्याप हुनु र Bow leg: दुबै खुट्टा जोडेर उभिँदा घुँडा बीच ८ से.मी. भन्दा धेरै ग्याप हुनु) अथवा Rickets भई फाटिएको, धेरै चेप्टो पैताला भएको, प्रष्ट बोली नभएको र भकभके, लठ्यौरो, अस्वभाविक रुपमा उपड खापड दाँत वा दारा बाहिर निस्केको, एउटा बँगारा झरेको लिन सकिने तर अगाडीको दाँत झरेको वा धेरै ग्याप भएको वा किराले खाएको वा नक्कली दाँत हुन नहुने, २ वटा भन्दा बढी बंगारा किराले खाएको, ढाड कुप्रो भएको, शरीर पूरा झुकाउन नसक्ने, जिउकोल्टे परेको, दुवी भएको, एक तिहाई भन्दा बढी कपाल झरेको, फुलेको वा रंगाएको, उचाई अनुसार हुनुपर्ने तौल भन्दा बढी तौल भएको, आँखा डेढो भएको, Colour blind भएको, शरीर मोटो तर हातखुट्टा झिनो देखिने, अनुहारमा १×१ से.मी. भन्दा ठुलो काटेको वा पोलेको वा अन्यकुनै किसिमको दागहरू भएको, (शरीरको घाटी देखी माथी, हातको कुम देखी तलको भाग एवं खुट्टाको घुडा देखी तलको भागमा ट्याटु मार्क हुन नहुनुका साथै अस्वभनिय नदेखिने), (शरीरमा २.५×२.५ से.मी. भन्दा ठुलो काटेको वा पोलेको वा अन्य कुनै किसिमको दागहरू भएको हुन नहुने), नशाफुल्ने वा भेरिकोच भएको । | | | |

**द्रष्टव्यः-** प्रथम चरणको प्रारम्भिक शारीरिक परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा सम्मिलित गराइने छ ।

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवस्रोत विभाग
स्वयम्भू, हल्चोक, काठमाडौं

**२. द्वितीय चरण :– शारीरिक सहिष्णुता परीक्षा**

| विवरण | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुत्तीर्ण | उत्तीर्ण | अनुत्तीर्ण |
| ३०० मीटर दौड | ४८ सेकेन्ड सम्म | ४८ सेकेन्ड भन्दा माथी | ५८ सेकेन्ड सम्म | ५८ सेकेन्ड भन्दा माथी |
| सिट-अप | कम्तिमा २० पटक | २० पटक भन्दा कम | कम्तिमा ७ पटक | ७ पटक भन्दा कम |
| पुस-अप | कम्तिमा २० पटक | २० पटक भन्दा कम | कम्तिमा ७ पटक | ७ पटक भन्दा कम |
| चिन-अप | कम्तिमा ७ पटक | ७ पटक भन्दा कम | कम्तिमा २ पटक | २ पटक भन्दा कम |
| ३२०० मी. दौड | १३ मीनेट सम्म | १३ मीनेट भन्दा माथी | १६ मीनेट सम्म | १६ मीनेट भन्दा माथी |

**द्रष्टव्यः-**
द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणमा सम्मिलित गराइने छ । तर, कुनै एक इभेण्टमा न्यूनतम उत्तीर्णाङ्क प्राप्त नगर्ने उम्मेदवारहरुलाई उत्तीर्ण गराईने छैन ।

**३. तृतीय चरण :– विस्तृत स्वास्थ्य परीक्षण**
सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालबाट निम्नानुसारको परीक्षण गरिनेछ ।

1. General personality observation
2. Medical
3. General Physic (Surgical)
4. Dental
5. Eye test (DV/CV)
6. ENT, BP
7. Pregnancy (For Female Candidate Only)

**द्रष्टव्यः-**
तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र चतुर्थ चरणको लिखित परीक्षामा सम्मिलित गराइने छ ।

**४. चतुर्थ चरण :– लिखित परीक्षा (पूर्णाङ्क : १०० अङ्क) (उत्तीर्णाङ्क ४० प्रतिशत)**

**समय : ३ घण्टा ।**

**सशस्त्र प्रहरी जवानको लागि** निम्न विषय वस्तुबाट बिषयगत तथा बस्तुगत बहुबैकल्पिक प्रश्नहरु सोधिने छ ।

| विषय | खण्ड | अङ्क | परीक्षा प्रणाली | विषय बस्तु | प्रश्न संख्या र अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| नेपाली | क | ३० | विषयगत | व्याकरण (नाम, सर्वनाम, विशेषण) परिभाषा, शब्द लेखन, खाली ठाँउ भर्ने | ३X२ =६ | ३ घण्टा |
| | | | | नेपालीबाट अंग्रेजीमा अनुवाद (३ देखि ४ शब्दका वर्तमान कालका सामान्य अंग्रेजी बाक्य) | ३X२ =६ | |
| | | | | स्वर वर्ण खाली ठाँउ भर्ने | २X२ =४ | |
| | | | | ब्यन्जन वर्ण खाली ठाँउ भर्ने | २X२ =४ | |
| | | | | निबन्ध लेखन | १X५ =५ | |
| | | | | चिठ्ठीपत्र लेखन | १X५ =५ | |
| अंग्रेजी | ख | २० | विषयगत | Grammer (Noun, Pronoun, Article) बारे खालीठाँउ भर्ने | ३X२ =६ | |
| | | | | Simple sentence translation English to Nepali Present tense (only 3 to 4 words) | ३X२ =६ | |
| | | | | अंग्रेजी अक्षर खाली ठाँउ भर्ने | २X२ =४ | |
| | | | | अंग्रेजी सानो अक्षरबाट ठुलो अक्षर र ठूलो अक्षरबाट सानो अक्षर लेख्ने | २X२ =४ | |
| गणित | ग | २० | विषयगत | साधारण जोड (दुई अक्षर (शाब्दिक), तिन अक्षर र चार अक्षर (अशाब्दिक) | ३X१ =३ | |
| | | | | साधारण घटाउ (दुई अक्षर (शाब्दिक), तिन अक्षर र चार अक्षर (अशाब्दिक) | ३X१ =३ | |
| | | | | साधारण गुणा (एक अक्षर, दुई अक्षर र तिन अक्षर) - अशाब्दिक | ३X१ =३ | |
| | | | | साधारण भाग (एक अक्षर, दुई अक्षर र तिन अक्षर) - अशाब्दिक | ३X१ =३ | |
| | | | | अंकलाई अक्षरमा लेख्ने (तिन अंक, चार अंक र पाँच अंक) | ३X१ =३ | |
| | | | | अक्षरलाई अंकमा लेख्ने (तिन अंक, चार अंक र पाँच अंक) | ३X१ =३ | |
| | | | | अंक खाली ठाँउ भर्ने (एक देखि एक हजार सम्मका दुई खाली अंक) | २X१ =२ | |
| पेशा सम्बन्धी | घ | ३० | बस्तुगत | **१.सशस्त्र प्रहरी बल, नेपालको सामान्य परिचय**<br>१.१.गृह मन्त्रालय, प्रधान कार्यालय, पद र दर्ज्यानी चिन्ह<br>**२. सशस्त्र प्रहरी बल, नेपालको ऐन, २०५८ अन्तर्गत**<br>२.१. सशस्त्र प्रहरी बल, नेपालको संचालन<br>२.२ केन्द्रीय सुरक्षा समिति<br>२.३ सशस्त्र प्रहरी सेवा आयोग<br>२.४.सशस्त्र प्रहरी बल, नेपालको कर्तब्य र अधिकार<br>**३. सशस्त्र प्रहरी बल, नेपालको नियमावली, २०७२ अन्तर्गत**<br>३.१. सशस्त्र प्रहरी बल, नेपालको सेवामा रहने समूह र श्रेणी<br>३.२.सशस्त्र प्रहरी कर्मचारीले पालना गर्नु पर्ने आचरण<br>३.३. सजाय र पुनरावेदन<br>३.४.बिदा सम्बन्धी ब्यवस्था | १५X२ =३० | |

**द्रष्टव्य:-**

चतुर्थ चरणको लिखित परीक्षाको नतिजा सम्बन्धमा लोक सेवा आयोगबाट प्राप्त नतिजा विवरण प्रकाशन गरिने छ । लिखित परीक्षाको सेवा सम्बन्धी खण्ड (घ) को बस्तुगत परीक्षा प्रणाली अन्तर्गत गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत नियमानुसार २० प्रतिशत अङ्क कट्टा गरिने छ । तर, उत्तर नदिएको प्रश्न बापत अङ्क दिईने छैन र अङ्क कट्टा पनि गरीने छैन ।

**५. पाँचौ चरण :– विशेष स्वास्थ्य परीक्षण**

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालबाट निम्नानुसारको परीक्षण गरिने छ ।

1. Blood (HB,TC,DC,ALB,SUG,M/E)
2. Chest (X-ray report), Tuberculosis (TB)
3. Serum creatinine
4. Urine Routine
5. HIV, HbsAg, VDRL
6. Anti HCV
7. Drug of Abuse (DOA) test
8. Urine Pregnancy test (For Female Candidate Only)

**द्रष्टव्यः-**

पाँचौ चरणको विशेष स्वास्थ्य परीक्षण परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र छैठौं चरणको अन्तर्वार्ता परीक्षामा सम्मिलित गराइनेछ ।

**६. छैटौ चरण :–अन्तर्वार्ता परीक्षा**

अन्तर्वार्ता परीक्षा सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त (चौथो संशोधन सहित) २०६४ को दफा ३८ अनुसार संचालन गरिने छ ।

**नोट :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुने छ ।

२. चरणबद्ध रुपमा प्रारम्भिक शारीरिक परीक्षण, शारीरिक सहिष्णुता परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, लिखित परीक्षा, विशेष स्वास्थ्य परीक्षण र अन्तर्वार्ता परीक्षा संचालन गरिने छ ।

३. छैटौ चरणको अन्तर्वार्ता समाप्त पश्चात अन्तिम नतिजा प्रकाशन सम्बन्धमा उल्लेखित अंकभार रहेको लोक सेवा आयोगबाट संचालन गरिएको लिखित परीक्षाको प्राप्ताङ्क र अन्तर्वार्ता परीक्षाको प्राप्ताङ्क समेत जोडी हुन आउने कुल अङ्कको आधारमा माग भएको रिक्त पद संख्या अनुसार सशस्त्र प्रहरी नियमावली बमोजीम अन्तिम नतिजा प्रकाशन गरिने छ ।

४. पाठ्यक्रम लागू मिति :- २०७९।०३।१० गते ।

२०८१।०३।१०

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग
स्वयम्भू, हलचोक, काठमाडौं

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग
स्वयम्भु, हलचोक, काठमाडौं

# नमूना प्रश्नहरु

१. नेपाली:-

१. दुई वटा नामशब्दहरु लेख्नुहोस?

२. बिशेषणशब्दले खाली ठाँउ भर्नु होस ।

(क)बोटबिरुवाको पात .......... रङको हुन्छ ।

३. अंग्रेजीमा लेख्नुहोस ।

(क) म फुटबल खेल्छु ।

(ख) यो एउटा किताबहो ।

४. क्रमशखाली ठाँउ भर्नु होस ।

(क) अ .................इ

(ख) च .................ज

५. राष्ट्रिय जनावर गाईको बारेमा एउटा निबन्ध लेख्नुहोस ।

२. अंग्रेजी:-

1. Fill in the blanks.
   a. This is …… umbrella. (a, an, the)
   b. Ram is a boy, ……. is student. (he, she, they)
2. Translate in to Nepali.
   (a) He works in Armed Police Force Nepal.
   (b) She is Gita.
3. Fill in the blanks.
   (a) A, B, ......, D.
   (b) S, T, ......, V, ........
4. Write Small Letter of 'G'.
5. Write the Capital Letter of 'x'.

३. गणित:-

१. जोड

(क) देशज संग १५ वटा पुस्तक छ उसले बजारबाट ११ वटा पुस्तककिनेर ल्यायो । अब उसंग जम्मा कतिवटा किताबभयो ?

(ख)३७५ (ग) ४५६७

+१५४+१५४२

२. घटाउ

(क) देशज संग १५ वटा पुस्तक छ उसले ११ वटा पुस्तकआफ्नो साथिलाई दियो । अब उसंग जम्मा कतिवटा किताबबाँकी रह्यो ?

(ख) ३७५ (ग) ४५६७

-१५४ -१६४२

३. गुण गर

(क) ७ (ख) १५ (ग) ३७५

x५ x२४ x१५४

४. भाग गर

(क) ८ ÷ २ (ख) ८४ ÷ १२ (ग) ८९० ÷ ९

५. अंकलाईअक्षरमा लेख्नुहोस ।

(क) १२३ (ख) ५१२३ (ग) १३०४७

६. अक्षरलाईअंकमा लेख्नुहोस ।

(क) एक सय तेईस (ख) पाँचहजार एक सय तेईस (ग) तेह्र हजार सत्चालीस

७. क्रमशआउनेअंकले खाली ठाँउ भर्नुहोस ।

(क) २२, २३, ......., २५

(ख) ९९४, ........ ९९६, ९९७

४. पेशा सम्बन्धी:-

१. सशस्त्रप्रहरी सेवाआयोगको सदस्य सचिवको हुने ब्यवस्था छ?

(क) सशस्त्रप्रहरी नायवमहानिरीक्षक (ख) प्रहरी महानिरीक्षक

(ग) सशस्त्रप्रहरी महानिरीक्षक (घ) सचिव गृह मन्त्रालय

२. सशस्त्रप्रहरी कर्मचारीले प्रत्येक बर्ष कतिदिन बिरामीबिदापाउने छन्?

(क) १५ दिन (ख) १२ दिन

(ग) १८ दिन (घ) २१ दिन